# महाराजगञ्ज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महाराजगञ्ज, कपिलबस्तु

प्रथम पटक प्रकाशित मितिः २०७५।१०।११

महाराजगंज नगरपलिकाको सीमाना भित्रको वाणगंगा खोलाको विभिन्न ४ वटा नाकाहरुवाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थको प्रदेश सरकारबाट तोकिएको दररेट अनुसार बिक्री गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षणको स्वृकीत प्रतिबेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही निम्न अनुसारको न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.बा.२०७५।०७६ को बाँकी अवधि देखि २०७६ जेष्ठ मसान्त सम्मको लागि ठेक्का वन्दोवस्त गर्न मिति २०७५।१०।०६ गतेको नगर कार्यपालिकावाट निर्णय भएको हुदाँ ईच्छुक दर्तावाला ब्यक्ति, फर्म, सस्था वा कम्पनीहरुवाट आफुले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसिलमा उल्लेख भएको म्याद भित्र वोलपत्र खरिद गरी आफुले कबूल गरेको ठेक्का अंकको प्रतिशतका दरले हुने रकम र गैर नैपाली नागरीक भए आफूले कबोल गरेको ठेक्का अंक को १० प्रतिशतका दरले हुन आउने धरौटी रकम यस महाराजगंज नगरपालीका को नाममा एन.आई.सी. एशिया बैंक महाराजगंज शाखामा रहेको हिसाब नं A9CA ०५२४८८५२४०२ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको नेपाल राष्ट बैंकबाट मान्यता प्रप्त एन.आई.सी. एशिया बैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताको सहिछाप गरी सिलबन्दी बोलपत्र पेश गर्नु हून सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र बिक्री तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोहि समयमा सोको भोली पल्टा गरिनेछ। बोलपत्र खोलिने समयमा बोलपत्र दाता स्वंम वा प्रतिनिधी उपस्थित हुनु पर्नेछ। बोलपत्र दाता वा निजको प्रतिनिधी अनुपस्थित भएपनि जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रतिनिधीहरुको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा अंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ। स्वीकृत वातावरणीय परिक्षणको प्रतीबेदन यस सूचनाको अभिन्न अंगको रुपमा रहनेछ। थप जानकारीको लागी नगरपालिकाको सूचना पाटीमा हेर्न वा कार्यालयको राजश्व शाखामा सर्म्पक राख्नु हुन जानकारी गराईन्छ।

१)आन्तरिक बिक्री तर्फ : - वालुवा, ठेक्का नं. २

| बिवरण | नदी र घाटको नाम | आ.ब.०७५।०७६ मा बिक्रीका लागि तोकिएको परिमाण घनमिटरमा | आ.ब.०७५।०७६को लागि तोकिएको न्युन्तम अंक :मुल्य अभिबृद्धि कर बाहेक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | पडरिया क्षेत्र | ८७३६ | | |
| २ | बर्गादी | ८४९५ | | |
| ३ | शंकरपुर | ५७३७ | | |
| ४ | बिजयनगर | १३५० | | |
| | जम्मा | २४३१८ | ५१५२०११.४८ | |

२) शुल्क लिने दररेट : वालुवा :प्रति क्यू फीट रु . ६

३) बोलपत्र बिक्री तथा दर्ता हुने अन्तिम मिति र सूचना प्रकाशन भएको मितीले १५ औं दिनको कार्यालय समय भित्र बिक्री र सोको भोलिपल्ट १२:०० सम्म दर्ता।

४) बोलपत्र दर्ता गर्ने स्थान :जिल्ला प्रशासन कार्यालय र महाराजगंज नगरपालिका को कार्यालय महाराजगंज।

बोलपत्र खोलिने स्थानः महाराजगंज नगरपालिका को कार्यालय महाराजगंज।

मितिः २०७५।१०।२५

समयः बोलपत्र दर्ता भएको दिनको ठीक २ :०० बजे

**शर्तहरुः**

१)ठेक्का कबोल गरेको रकम अग्रीम रुपमा एकमुष्ट वुझाउनु पर्नेछ।

२)वोलपत्र खरिद कर्ताले वोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी मु.अ.कर दर्ताको प्रमाणपत्र, करचुक्ताको प्रमाणपत्र, फम दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपी सहित तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ।

३)वोलपत्र खरिदकर्ता आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नुपर्नेछ। अंक र अक्षरमा फारक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएका सिलबन्दी वोलपत्र फिर्ता तथा संशोधन हुने छैन।

४) वोलपत्र खरिद तथा दखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दखिला गनुर्पनेछ साथै त्यसै वमोजिम खोलिने कार्यक्रम पनि हुनेछ।

५) ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको कार्यलायले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ साथै कार्यालय र ठेक्दार वीच कुनै विवाद उत्पन्न भएमा नगरपलिकाले गरेको निणर्य अन्तिम हुनेछ।

६) ठेकेदारले सम्झौता पत्रमा तोकिएको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ सो भन्दा फरक गरी संकलन गरेमा नियानुसार कारवाही हुनेछ।

७) प्रचलित नियमानुसार कालोसूचीमा परेका नगरपालिकालाई बुझाउनु पर्ने बांकी वक्यौता भएका व्यक्ति फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कार्वाही हुनेछैन।

८) नगरपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसीदहरु ठेकेदार स्वंमले छपाई सो रसिदहरु यस कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। अनुगमनको क्रममा प्रमाणित नभएको रसिद फेला परेमा कारवाही गरिने छ।

९) ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिका कार्यालयमा बुझाउनु पर्ने रकम मा कुनै किसिमको छुट वा मिनाहाको लागि दाबी गर्न पाईने छैन।

१०) नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचनापाटी (साईनबोर्ड ) ठेकेदार स्वंमले आफ्नै खर्चमा राख्नु पर्नेछ साथै ठेकेदारबाट खटिएका कर्मचारीहरुलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ।

११) प्रारम्भीक वातावरणीय परिक्षण प्रतिबेदन २०७५ (IEE) बमोजिम महाराजगंज नगरपालिका तोकी दिएको नाका (स्थान) र घाटगद्धी स्थलबाट उत्खनन तथा संकलन गर्नुपर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थान बाट उत्खनन तथा संकलन गरेको पाइएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना सहित ढुवानी साधन समेत जफत गरिनेछ।

१२) नदीजन्य पदार्थ संकलनका लागि नदीजन्य पदार्थ ब्यावस्थापन कार्यबिधि २०७५ को दफा १९ (१) बमोजिम नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा अनुसुची ३ को मापदण्ड लागु हुनेछ।

१३) घाट क्षेत्रमा फोहरमैलाको उचित ब्यवस्थापन, बस्ती क्षेत्रमा ध्वनी प्रदूषण नहुनेगरी ढुवानीको ब्यवस्थाका साथै नदीजन्य पदार्थ ढुवानी गर्ने ब्यवस्था ठेकेदार/ढुवानीकर्ताले मिलाउनु पर्नेछ।

१४) ठेकेदारले १५/१५ दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी तथा प्रयोग भएको अर्धकट्टी रसिद समेत रुपमा उपलब्ध गराउनु पर्नेछ।

१५) ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन तथा घाटगद्धी स्थलको ब्यावस्थापन सम्बन्धी खर्च स्वंमले गर्नु पर्नेछ।

१६) बिहान सूर्योदय भन्दा अगाडी साझा सूर्यास्त भन्दा पछाडी ढुवानीका साधनहरु स्थलहरुमा प्रबेश गर्ने पाइने छैन। तोकिएको समय भन्दा अन्य सयममा ढुवानी साधनहरु प्रवेश गरको पाइए कार्वाही गरिनेछ।

१७) नदीजन्य पदार्थ संकलन गर्ने कार्यको सम्झौता पश्चात तोकिएको स्थान र परिमाण सम्बन्धमा नगरपालिका को प्राबिधिकबाट यकिन निकासी हुने ब्यवस्था ठेकेदारले मिलाउनु पर्नेछ।

१८) तोकिएको स्थान को लम्बाई चौडाई र उचाई खुल्ने रिफरेन्स कायम गरी चिनो लगाएको मुचुल्का तयार गरे पछि मात्र उत्खनन कार्य सुरु हुने हुनेछ।

१९) भारी उपकरण (मेसिन) प्रयोग गर्ने सम्बन्धी ब्यवस्था यस नगरपालिकाले तोके बमोजिम हुनेछ।

२०) यस सूचनामा उल्लेख भएको बिषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको बिषय प्रचलीत ऐन, नियम, प्रारम्भीक प्रतिबेदन २०७५ बमोजिम हुनेछ।

२१) वातावरणीय परिक्षण प्रतिबेदन २०७५ मा भएका प्रावधानहरुको ब्याख्या गर्ने अधिकार महाराजगंज नगरपालिकामा सुरक्षित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**